# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, ३ नं. प्रदेश, नेपालद्वारा प्रकाशित

संख्या १, पौष २४, २०७४

## भाग–३

स्थानीय सरकार

### विदुर नगरपालिका

### विदुर, नुवाकोट

### ३ नं. प्रदेश, नेपाल

# भुकम्प पीडित परिवार तथा नगरपालिकाभित्रका योजनालाई ढुंगा, गिट्टी, माटो, बालुवा उपलब्ध गराउने मापदण्ड, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी विदुर नगरपालिका क्षेत्रभित्रका भुकम्प पीडित परिवार तथा नगरपालिका भित्रका स्वीकृत योजनाहरुलाई सहज र सरल ढंगले ढुंगा, गिट्टी, माटो, बालुवा उपलब्ध गराउन अत्यावश्यक भएकोले राष्ट्रिय पुन:निर्माण प्राधिकरणले नीजि आवास निर्माण गर्न समय सीमा निर्धारण गरेको सन्दर्भमा तत्काल पिडितहरुलाई राहत पुऱ्याउन, सार्वजनिक पुन:निर्माणलाई गति दिन, यस्ता वस्तुहरुको कृत्रिम अभाव कम गर्न र जनगुनासो अनुरुप व्यवस्थित गर्नका लागि विदुर नगरपालिकाको मिति २०७४/९/२४ गतेको बैठकबाट भुकम्प पिडित परिवार तथा नगरपालिका भित्रका योजनालाई ढुंगा, गिट्टी, माटो, बालुवा उपलब्ध गराउने मापदण्ड, २०७४ मापदण्ड, २०७४ स्वीकृत गरी लागु गरिएको छ ।

**(१) परिभाषा**

क) "मापदण्ड" भन्नाले भुकम्प पिडित परिवार तथा नगरपालिका भित्रका

योजनालाई ढुंगा, गिट्टी, माटो, बालुवा उपलब्ध गराउने मापदण्ड,२०७४ सम्झनुपर्छ ।

ख) “नगरपालिका” भन्नाले विदुर नगरपालिका सम्झनुपर्छ ।

ग) “नगर कार्यपालिका” भन्नाले विदुर नगर कार्यपालिका सम्झनुपर्छ ।

घ) “प्रमुख” भन्नाले विदुर नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

ङ) “व्यवसायी” भन्नाले ढुंगा, गिट्टी, माटो, बालुवाको उत्खनन्, उत्पादन, प्रशोधन, ढुवानी, संचय वा बिक्री गर्न इजाजत प्राप्त व्यक्ति वा उद्योग सम्झनुपर्छ ।

च) “यातायात व्यवसायी” भन्नाले ढुंगा, गिट्टी, माटो, बालुवाको ढुवानीको लागि प्रयोग हुने सवारी साधनको धनीलाई सम्झनुपर्छ ।

छ) “लाभग्राही” भन्नाले २०७२ साल वैशाखमा आएको भुकम्पबाट पूर्णक्षति भएका नगरपालिकाभित्रको आवास निर्माण गर्न आवास पुन:निर्माण अनुदान कार्ड उपलब्ध गराएका परिवार वा व्यक्ति सम्झनुपर्छ ।

ज) “योजना” भन्नाले विदुर नगर सभा, नगरकार्यपालिका तथा वडा कार्यालयहरुबाट निर्णय भई सञ्चालनमा रहेको योजना तथा परियोजनाहरुलाई सम्झन्पर्छ ।

झ) “वडा” भन्नाले विदुर नगरपालिका वडाहरुलाई सम्झनुपर्छ ।

ञ) “निर्देशक समिति” भन्नाले बिदुर नगर कार्यपालिकाको निर्णयानुसार गठित राजनीतिक संयन्त्रलाई सम्झनुपर्छ ।

ट) “अनुगमन समिति” भन्नाले यस मापदण्डको दफा ६ बमोजिम गठित समितिलाई जनाउनेछ ।

२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित मितिदेखि लागु हुनेछ ।

## ३) सवारी साधन दररेट सम्बन्धमा

(क) सवारी साधन प्रयोग गरि नगरपालिका भित्र ढुंगा, गिट्टी, माटो, बालुवा ढुवानी गर्दा यातायात व्यवसायीले निम्नानुसारको दररेटमा ढुवानी गर्नुपर्नेछ ।

| दूरी | भारवाहन क्षमता २०० प्रति क्यु.फि भन्दा कम | २००–३०० प्रति क्यु.फि | ३००–५०० प्रति क्यु.फि |
|---|---|---|---|
| ०–५ कि.मी. | रु २,००० | ३,००० | ४,००० |
| ५–१० कि.मी. | रु २,५०० | ४,००० | ६,००० |
| १०–१५ कि.मी. | रु ३,००० | ५,००० | ७,००० |
| १५–२० कि.मी. | रु ४,००० | ६,००० | ८,००० |

(ख) इजाजत प्राप्त व्यवसायीले ढुंगा, गिट्टी, माटो, बालुवा उत्खनन्, उत्पादन, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने स्थल बाट विक्री गर्दा  निम्नानुसारको दररेटमा लाभग्राहीलाई उपलब्ध गराउनुपर्नेछ ।

| सामाग्री | दर प्रति क्यु.फिट |
|---|---|
| ढुंगा | रु २५ |
| गिट्टी | रु ३५ |
| बालुवाः अप्रशोधित/प्रशोधित | रु १३/रु ३० |
| माटो | रु २ |

४) कृत्रिम अभाव सृजना गर्न नहुने

कुनै पनि व्यवसायीले ढुंगा, गिट्टी, माटो, बालुवा स्टक राखी लुकाउने वा नगरपालिका बाहिर पठाउने वा मेसिन र जनशक्ति पूर्ण रुपमा परिचालन नगरी कृत्रिम माग सूची तयार गरी वा अरु कुनै बहाना गरी उत्पादन र बिक्री वितरणमा कृत्रिम अभाव सृजना गर्नु हुदैन ।

५) नगरपालिका स्वयंले संचालन गर्ने

(क) नगरपालिका भित्रका कुनै पनि स्थानबाट वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नगरपालिका स्वयंले ढुंगा, गिट्टी, माटो, बालुवा उत्खनन्, उत्पादन, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने व्यवस्था गर्न सक्नेछ ।

(ख) भुकम्प पिडित र नगर योजनाका निर्माणका लागि दफा (१) को सामग्री परिचालन गर्न यस मापदण्डको अधिनमा रही  थप कार्य प्रक्रिया निर्धारण गरी श्रोतको उत्खनन, प्रशोधन, बिक्री वितरण कार्य नगरपालिकाको बैठकले निर्णय गरे बमोजिमको निर्देशक समितिले गर्नेछ । यसरी थप कार्यप्रक्रिया निर्धारण गर्दा नगरप्रमुखको समन्वयमा गर्नुपर्नेछ ।

६) अनुगमन सम्बन्धी व्यवस्था

(क) यस मापदण्ड अनुरुप कार्य भए नभएको तथा मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्न नगर उपप्रमुखको अध्यक्षतामा देहायको अनुगमन समिति रहनेछ :

श्री गीता कुमारी दाहाल (अर्याल) उपप्रमुख, संयोजक
श्री फइसिङ तामाङ (वडा अध्यक्ष वडा नं ८) सदस्य
श्री विन्दा श्रेष्ठ (नगर कार्यपालिका महिला सदस्य) सदस्य
उद्योग वाणिज्य संघको अध्यक्ष सदस्य
उद्योग विकास शाखाको प्रमुख सदस्य–सचिव

(ख) अनुगमन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

## ७) जरिवाना गर्न सक्ने

(क) दफा (३) को (क) अनुसार सवारी साधन दररेट सम्बन्धमा पालना नगर्ने यातायात व्यवसायीलाई भार क्षमतामा तोकिएको भाडा दररेटको दोब्बर जरिवाना हुनेछ ।

(ख) दफा (३) को (ख) अनुसार दररेट भन्दा बढी भए गरेको पाइएमा पहिलो पटक रु ५०,०००।, दोश्रो पटक रु १ लाख, तेश्रो पटक रु ३ लाख जरिवाना गरिने र सोभन्दा बढी पटक उल्लघंन गरेमा त्यस्तो व्यवसायीको इजाजत रद्द गर्न सकिनेछ ।

(ग) दफा (४) बमोजिम कृत्रिम अभाव सृजना गर्ने व्यवसायीलाई रु १ लाख देखि रु ५ लाख सम्म जरिवाना गर्न सकिनेछ ।

(घ) माथि (क) (ख) (ग) बमोजिमको जरिवाना गर्ने अधिकार मिति २०७४/०९/१२ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय नं ३ अनुसार गठित निर्देशक समितिलाई हुनेछ ।

(ङ) यस दफा बमोजिम जरिवाना उपर चित्त नबुझेमा १ महिना भित्र दफा ६ बमोजिमको अनुगमन समितिमा निवेदन दिन सकिनेछ र अनुगमन समितिले सो उपर निर्णय गर्नेछ ।

## ८) पालना गर्नुपर्ने

यस मापदण्डको पालना गर्नु सबै सरकारी कार्यालय, व्यवसायी तथा अन्य सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

आज्ञाले,
इन्दिरेश दाहाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः
२०७४।०९।२४